# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)

हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

३० चैत, २०७९

### आप्रवासी श्रमिकहरुको मानव अधिकार संरक्षण सम्बन्धमा आयोगको सिफारिस

राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी श्रमिकहरुको मानव अधिकार संरक्षण सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरेको छ । आयोगले विगत तीन वर्ष (आ.व.२०७६/७७, २०७७/७८ र २०७८/७९) को अवधिका सूचना, जानकारी, तथ्याङ्क एवम् अध्ययन, अनुगमन र अनुसन्धानका आधारमा "आप्रवासी नेपाली श्रमिकहरुको मानव अधिकार अवस्था प्रतिवेदन, २०७९" प्रकाशन गरेको थियो । उक्त प्रतिवेदनमा उल्लेखित सिफारिस कार्यान्वयनको लागि आयोगले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको हो ।

आप्रवासी नेपाली श्रमिकहरुको मानव अधिकार संरक्षणका लागि गन्तव्य मुलुकहरुका राष्ट्रिय मानव अधिकार संस्थाहरुसँग द्विपक्षीय समझदारी भई उजुरी प्रेषण जस्ता कार्यहरु समेत हुँदै आएका छन् । वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने सन्दर्भमा आयोगले वि.सं. २०७५ सालमा सोह्र बुँदा (१६) र वि.सं. २०७७ सालमा कोभिड-१९ को सन्दर्भमा ९ (नौ) वटा क्षेत्रमा सिफारिस गरेको थियो । हालै प्रकाशन गरिएको प्रतिवेदनका आधारमा नेपाल सरकारलाई कूल ५८ बुँदामा सिफारिस गरिएको छ । जसमा आप्रवासी श्रमिकको भर्ना प्रक्रियालाई संस्थागत गरि जिम्मेवार बनाउने सम्बन्धमा ७ बुँदा, गन्तव्य मुलुक र स्वदेशमा आप्रवासी श्रमिकहरुको न्यायमा पहुँच बढाउने सम्बन्धमा ३ बुँदा, द्रूत उद्धार, सम्मानजनक फिर्ती र दिगो पुनः एकीकरण सुनिश्चित गर्ने सम्बन्धमा ९ बुँदा, महिला आप्रवासी श्रमिकहरुको जोखिम न्युनीकरण गर्ने सम्बन्धमा ६ बुँदा, आप्रवासी श्रमिकका सन्तानलाई बाल अधिकार ऐन, वैदेशिक रोजगार नीति र विकासका सवालहरुमा समावेश गर्ने सम्बन्धमा २ बुँदा, आप्रवासी श्रमिक र तिनका परिवारका सदस्यहरूको बाँच्न पाउने अधिकार र स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा ७ बुँदा, सूचना, नियमित तथ्याङ्क सङ्कलन र आप्रवासन सुशासन सुनिश्चित गर्ने सम्बन्धमा १४ बुँदा र सामान्य सिफरिसहरुमा १० बुँदा रहेका छन् । सिफारिसको पूर्ण विवरण आयोगको वेवसाइट www.nhrcnepal.org मा उपलब्ध छ ।

डा.टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org